सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्षः ५ अंक १३६ २०८० साल, माघ १४ गते आईतबार Sunday 28 Jan, 2024 मूल्य रु. ५/- पृष्ठ : ४

## २ जना फरार अभियुक्त बारा प्रहरीद्वारा पक्राउ



***शुभम सन्देश, बारा, १३ माघ***

२ जना फरार अभियुक्तलाई बारा प्रहरीले पक्राउ गरेको छ। प्रहरीले जिल्ला अदालत बाराबाट कैद र जरिवाना भइ फरार भएका २ जना अभियुक्तलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।प्रहरीले चोरी तथा सवारी ज्यान मुद्दामा फरार २ जनालाई पक्राउ गरेका जनाएको छ। प्रहरीले लुकीछिपी बस्दै आएका निजगढ नगरपालिका वडा नम्बर ६ बस्ने विक्रम घलान र जीतपुर सिमरा ५ बस्ने सुनिल पासवानलाई पक्राउ गरेको प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जनाए ।न्यौपानेका अनुसार जिल्ला अदालत बाराबाट २० दिन र ३ महिना १९ दिन कैद भइ फरार भएका २ जनालाई आज पक्राउ गरिएको हो। जिल्ला अदालत बाराबाट घलानमाथि चोरी मुद्दा अन्तर्गत २० दिन कैद र एक हजार जरिवानाको फैसला थियो । यस्तै पासवानमाथि ३ महिना कैद र २ हजार रुपैयाँ जरिवानाको फैसला भएको थियो ।

## सिमरा पथलैयाबाट २१ लाख बराबरको खुद्रा समानसहति ट्रक पक्राउ

***शुभम सन्देश, बारा, १३ माघ***

जिल्ला प्रहरी कार्यालय बाराले २१ लाख बराबर को खुद्रा समानसहित एउटा ट्रक नियन्त्रणमा लिएको छ । विशेष सूचनाको आधारमा चलाएको जाँचको क्रममा सिमरा पथलैयाबाट प्रहरीले खुद्रा समानसहित ट्रक नियन्त्रणमा लिएको हो । वीरगञ्जबाट सर्लाहीतर्फ जाँदै गरेको ना ६ ख ६०४६ नम्बरको ट्रकको जाँच गर्दा प्रहरीले बिल विजक भन्दा बढी समान पाइएपछि पक्राउ गरेको जनाएको छ ।प्रहरी प्रवक्ता दधिराम न्यौपानेका अनुसार पथलैयाबाट २१ लाख ६१ हजार बराबरको समानसहित ट्रक पक्राउ गरिएको हो । बरामद खुद्रा समानसहित ट्रक आवश्यक कारबाहीको लागि पथलैया राजश्व कार्यालयमा पठाइएको प्रहरीले जनाएको छ ।

## पत्रकारिता क्षेत्रको सुधारका लागि सरकार को सहयोग रहन्छ : उपप्रधानमन्त्री खड्का

काठमाडौँ, १३ माघ :

उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले पत्रकारिता क्षेत्रको व्यावहारिक र नीतिगत सुधारका लागि सरकारले आवश्यक सहयोग गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।पत्रकार कलेन्द्र सेजुवालद्वारा लिखित 'फल्स फ्रन्ट पेज' को शनिबार विमोचन गर्दै उहाँले पत्रकारिता क्षेत्रले नागरिक सचेतना अभिवृद्धि, सार्वजनिक सेवा प्रवाहमा सुदृढीकरण र मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा पैरवी गर्दै महत्वपूर्ण उपलब्धि हासिल गर्न योगदान दिएको बताउनुभयो ।

उपप्रधानमन्त्री खड्काले भन्नुभयो, "पत्रकारितालाई सही गोरेटोमा हिँडाउन सक्नुपर्दछ, त्यसका लागि हामी सबैको सामूहिक दायित्व पनि हो, पत्रकारिता क्षेत्रमा व्यावहारिक र संस्थागत सुधारका लागि थुप्रै काम गर्नुपर्ने आवश्यकता छ, यसका लागि नीतिगत र संरचनागत सुधारका सम्बन्धमा सरकारबाट सधैँ साथ र सहयोग रहने विश्वास दिलाउन चाहन्छु ।"उहाँले नेपालको पत्रकारिता क्षेत्रलाई संस्थागत विकास र उच्च व्यावसायिक अभ्यास गराउने मूल दायित्व नेपाल पत्रकार महासङ्घको भूमिका अग्रणी र महत्वपूर्ण रहेको भन्दै यसका लागि सरकारले पनि आवश्यक सहयोग गर्ने बताउनुभयो ।उपप्रधानमन्त्री खड्काले जहानियाँ राणाशासनकालदेखि सुरु भएको नेपाली पत्रकारिताले राणाशासनविरुद्ध जागरण ल्याउनुका साथै, एकदलीय पञ्चायतविरुद्धको अभियान हुँदै बहुदलीय प्रजातन्त्र स्थापना तथा हालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका साथै विकास र समृद्धिको यात्रामा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका खेल्दै आएको उल्लेख गर्नुभयो उहाँले भन्नुभयो, "पत्रकारिता आवाजविहीनको आवाज एवं समाजको ऐना भएकाले लोकतन्त्रलाई समुन्नत र नागरिकलाई सुसूचित गराउने सन्दर्भमा यसको महत्वपूर्ण भूमिका छ र यो आगामी दिनमा पनि कायम रहन्छ भन्ने मेरो विश्वास छ ।"उहाँले राज्यका अन्य क्षेत्रजस्तै पत्रकारिता क्षेत्रको पनि आफ्नै मूल्य, मान्यता, सिद्धान्त र आदर्श छवि हुने उल्लेख गर्दै यसले नागरिकको भरोसा अभिवृद्धिमा सहयोगसिद्ध हुनुपर्ने धारणा राख्नुभयो । "यदाकदा पत्रकारिता क्षेत्रमासमेत अरु क्षेत्रको जस्तै कमीकमजोरी देखिने गरेको छ, पत्रकारले सत्यतथ्य, सन्तुलित र विश्वसनीय समाचार प्रवाह गर्ने मूल दायित्वबाट विचलित नभई न्यायका पक्षमा सतिसालजस्तो उभिनुपर्छ", उपप्रधानमन्त्री खड्काले भन्नुभयो ।

उपप्रधानमन्त्री खड्काले फल्स फ्रन्ट पेज पुस्तकले सञ्चार क्षेत्रको विश्लेषण, घटनाक्रम, सत्यता, आवेग, अर्कै नियतबाट गरिने राजनीति, कुनै घटनाक्रमलाई राजनीतिक उद्देश्यबाट गरिने प्रवृत्तिलगायत सवाललाई उल्लेख गरेको पुस्तक समाजको तमाम विषयको एक ऐनाका रूपमा रहेको उल्लेख गर्नुभयो । उहाँले व्यावसायिकरूपमा देखिएको गलत अभ्यासबाट सच्चिएर जिम्मेवार पत्रकारिताको विकास गर्न पुस्तक सहयोगसिद्ध हुने बताउनुभयो ।

## देशको समृद्धिमा चिनियाँ सहयोग महत्वपूर्ण छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौँ, १३ माघ :

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको आर्थिक समृद्धि र स्थिरतामा चिनियाँ सहयोग महत्वपूर्ण रहेको बताउनुभएको छ। सिल्क रोड इन्टरनेसनल थिङ्क टयाङ्क एक्स्चेन्ज सेन्टर, चीनको बेइजिङ भाषा तथा सांस्कृतिक विश्वविद्यालय र साइनो नेपाल मिडिया सोसाइटीले शनिबार यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले पूर्वाधार नेपाल-चीन सहकार्यका आधारस्तम्भका रूपमा रहेको बताउनुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले सडक, पुल र ऊर्जालगायत ठूला परियोजनाबाट बढाइएको 'कनेक्टिभिटी'ले द्विपक्षीय सम्बन्धलाई मात्र बलियो बनाउनाका साथै क्षेत्रीय सहयोग र आपसी एकतामा पनि महत्वपूर्ण टेवा दिएको बताउनुभयो । "दुई मुलुकबीच आपसी सम्बन्ध अभिवृद्धि गर्न सांस्कृतिक आदानप्रदान शक्तिशाली माध्यम हुन्", उहाँले भन्नुभयो, "साझा सांस्कृतिक सम्पदा तथा सदियौँदेखिका परम्पराले पारस्पारिक समझदारी कायम गर्न बलियो आधार प्रदान गरेको छ।"नेपाल र चीनबीचको दीर्घकालीन सामाजिक-आर्थिक सम्बन्ध साझा विकासको दृष्टिमा अनुपम नमूना भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले दिगो विकास र समावेशी समृद्धिको लक्ष्य प्राप्तिमा आपसी प्रयास आवश्यक रहेकामा जोड दिनुभयो ।

चीनले अगाडि सारेको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) अवधारणा दक्षिण एसियाको आर्थिक परिदृश्यलाई आकार दिने महत्वपूर्ण साधनका रूपमा उभिएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले कनेक्टिभिटी, पूर्वाधार विकास र आर्थिक सहयोग अभिवृद्धिमा बिआरआईले जोड दिएको बताउनुभयो । "दक्षिण एसियाली क्षेत्रमा नयाँ सम्भावना खोल्ने, व्यापारलाई सहज बनाउने र आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने विषयलाई बिआरआईले परिकल्पना गरेको छ, नेपालजस्ता राष्ट्रका लागि यी पहलले आर्थिक रुपान्तरण गर्न सहज हुन्छ", उहाँले भन्नुभयो ।

नेपाल-चीन सम्बन्ध सदियौँ पुरानो तथा पारस्परिक सम्मान, समझदारी र सहयोगमा आधारित रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले दुई देशबीचको सम्बन्ध कूटनीतिक र आर्थिक क्षेत्रमा मात्र नभई सांस्कृतिक र शैक्षिक क्षेत्रमा पनि प्रगाढ हुँदै गएकामा खुसी व्यक्त गर्नुभयो । "हालैका वर्षमा नेपाल-चीन सम्बन्धमा उल्लेखनीय प्रगति भएको छ, नेपालको सामाजिक-आर्थिक विकासमा सहयोग गर्ने चीनको प्रतिबद्धता अटल रहेको छ", उहाँले भन्नुभयो, "बिआरआईले कनेक्टिभिटी बढाउने र आर्थिक सहयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ, यसबाट दुई राष्ट्रबीच सहकार्यका लागि नयाँ ढोका खुलेको छ ।"

नेपालका लागि चिनियाँ दूतावासका वाणिज्य सल्लाहकार सी युले नेपाल र चीनबीचको सम्बन्ध मित्रता, आपसी विश्वास र रणनीतिक साझेदारीमा आधारित रहेको बताउनुभयो। दुई देशले विकास र समृद्धितर्फ उन्मुख दिगो मित्रताको रणनीतिक साझेदारी स्थापना गरेको उल्लेख गर्दै उहाँले चीन-नेपाल मित्रताले नयाँ अध्यायको ढोका खोलेको बताउनुभयो ।

भक्तपुरको मध्यपुर ठिमी नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले मध्यपुरलाई पर्यटकीय नगरी बनाउन गुरुयोजना निर्माणको तयारी गरिएको जानकारी दिँदै मध्यपुरमा चिनियाँ पर्यटकलाई स्वागत गर्न आफूहरू आतुर रहेको बताउनुभयो ।

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
Subham Sandesh National DAILY दैनिक
Sunday 28 Jan, 2024

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू................
-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।
परवानीपुर गाउँपालिकाको कार्यालय बारा

# उल्टो बाटोमा दल र निर्वाचन आयोग : दलित महिला आरक्षण खोसिने जोखिम

१२ माघ, काठमाडौं ।

देशभर ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामध्ये १२३ मा दलित महिला सदस्यको पद रिक्त छ। निर्वाचन आयोगका अनुसार गएको (२०७९) स्थानीय तह निर्वाचनमा दलित महिला सदस्यको उम्मेदवारी नपरेका कारण ती पद रिक्त भएका हुन् । यसअघि २०७४ को निर्वाचनमा दलित महिला वडा सदस्यका लागि आरक्षितमध्ये १७० पद रिक्त थिए ।संविधानले अनिवार्य भनेको दलित महिला सदस्य पदका लागि आखिर किन ती वडामा उम्मेदवारी नै परेन ? ती वडामा दलित समुदायको बसोबास नै नभएर हो वा हुँदाहुँदै पनि दलित महिलाले पारिवारिक, सामाजिक र राजनीतिक कारणले उम्मेदवारी दिन नरुचाएका हुन् ?यी प्रश्नमाथि वस्तुपरक विश्लेषण नै नगरी निर्वाचन आयोग कानुन संशोधन गरेर ती पदमा अरू महिलाका लागि अवसर खुला गर्ने सुरसार गर्न थालेको छ।

यसका निम्ति उसले विधेयक मस्यौदा तयार पारेको छ । १८ असार २०८० मा आयोगले निर्वाचन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसद्मा पेश गर्न सरकार समक्ष मस्यौदा प्रस्तुत गरेको छ। उक्त मस्यौदाको दफा ७४ (४) मा 'कुनै वडामा दलित महिला सदस्य पदका लागि उम्मेदवारी नपरेको अवस्थामा अल्पसंख्यक समुदायका महिला उम्मेदवार हुनसक्ने' व्यवस्था प्रस्ताव गरिएको छ । दलित नभएकै कारण दलित महिला सदस्यको पद रिक्त भएको भनेर विधेयक अघि सार्न बाध्य भएको बताउने निर्वाचन आयोगको दाबी तथ्य संगत पनि छैन ।

किनभने खोज पत्रकारिता केन्द्र (खोपके) ले गरेको अनुसन्धानमा कुल रिक्त भनिएका १२३ वडामध्ये ६५ वडामा दलित महिलाको बसोबास भेटिएको छ । मतदाता नामावलीको वडागत विवरण अध्ययन गर्दा रिक्त भनिएका मध्ये ५० वटा वडामा दलित महिलाको नाम समावेश भएको देखिन्छ । त्यसैगरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आईईएमआईएस प्रणालीको तथ्यांक अनुसार पनि रिक्त भनिएका मध्ये ४० वटा वडामा दलित छात्रवृत्ति वितरण हुनुले त्यहाँ दलित समुदायको बसोबास रहेको स्पष्ट हुन्छ । २५ वटा वडाको मतदाता नामावलीमा दलित भेटिएको र दलित छात्रवृत्ति गएको पाइएको छ । आयोगको बेवास्ता, दलको उपेक्षावडामा दलित महिला सदस्यको उम्मेदवारी नपर्नुको कारणबारे आवश्यक समीक्षा र खोजबिन नै नगरी निर्वाचन आयोगले विकल्प सहितको मस्यौदा विधेयक सरकार समक्ष पेश गरेको छ । यसलाई अधिकारकर्मीहरू 'दलित महिलाको आरक्षण कटौती गर्ने प्रपञ्च' ठान्छन् । 'यो सरासर आरक्षण खोस्ने काम हो' दलित अभियन्ता एवं पूर्व राजदूत पदम सुन्दास भन्छन्, 'यो मस्यौदा ऐन बनेर आएमा दलित महिलाको उम्मेदवारी नपरेको नाममा अन्य महिलालाई उम्मेदवार बनाइने निश्चित छ ।'मस्यौदा ल्याउनुपूर्व ती वडामा दलित समुदाको बसोबास भए नभएको आयोगले निर्क्योल गर्नुपर्ने दलित अभियन्ता एवं अनुसन्धानकर्ता जेबी विश्वकर्मा बताउँछन्। '९८ प्रतिशत वडामा दलित महिला सदस्य भएको विषयलाई नजरअन्दाज गरी दुई प्रतिशतमा नभेटिएको नाममा संवैधानिक आरक्षण खोस्न पाइँदैन', उनी भन्छन् ।

दलित अभियन्ता एवं अनुसन्धानकर्ता भोला पासवानका भनाइमा गाउँ कार्यपालिका र नगर कार्यपालिका समितिका सदस्यबारे ऐनले दलित मात्रै नभनेर 'दलित वा अल्पसंख्यक' भनेकै कारण ५४ प्रतिशत कार्यकारी पद दलितको भागबाट खोसिएको छ। उनी भन्छन्, 'अब नयाँ मस्यौदा पारित भएमा दलित महिलाको प्रतिनिधित्व अझै कम हुनेछ । यो दलितलाई प्रतिनिधित्वको अधिकारबाट वञ्चित गराउने खेल हो ।'तर, प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया यो आरोप स्वीकार्न तयार छैनन् । उनी भन्छन्, 'हामीले दलितको अधिकार खोसेको होइन, महिलाको सहभागिता खोजेको हो ।' १२३ वडामा पद खाली हुँदा विकल्पमा आउन सक्ने अरू महिलाको अधिकार हनन् भएको उनको भनाइ छ। दलित महिलाका लागि छुट्याइएको पदमा उम्मेदवारी दिन-दिलाउन पैरवी गर्ने काम आयोगको नभएर दलित स्वयं र राजनीतिक दलको भएको थपलिया बताउँछन् । 'हामी बाकस थापिदिन सक्छौं, मिति तोकिदिन सक्छौं, तर फलानो उम्मेदवार बन भन्दै खोज्न सक्दैनौं' उनी भन्छन्, 'वडाको जनसांख्यिक बनोट हेर्ने काम आयोगको होइन ।''हरेक वडा समितिमा दुई जना महिला हुनुपर्छ भन्ने संवैधानिक भावना छ तर, दलित आएनन् भने अन्य महिला भए पनि आउनुपर्छ' निर्वाचन आयुक्त जानकीकुमारी तुलाधर भन्छिन्, 'अन्यथा सन् २०३० सम्ममा स्थानीय चुनावमा महिलाको सहभागिता ४२ प्रतिशत सुनिश्चित गर्ने दिगो विकास लक्ष्य पूरा हुनेछैन ।'गैरदलित थरबाट समेत खोजबिन गर्ने हो भने रिक्त भएका वडामध्ये ९९ प्रतिशतमा दलित महिला भेटिने राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माको दाबी छ । 'यो काम हाम्रो पनि हो तर, बजेट अभावका कारण हामीले निर्वाचनअघि अनुगमन गर्न पाएनौं' उनी भन्छन्, 'अल्पसंख्यक समुदायको प्रतिनिधित्व गराउने अरू व्यवस्था पनि छन् । तर, दलित नै भनेर तोकिएका ठाउँमा अरूलाई ल्याउने कुरा ठिक होइन ।'

दलित महिलाको उम्मेदवारी नपर्नुको प्रमुख दोष राजनीतिक दललाई जाने पासवान बताउँछन् । उनी भन्छन्, 'आफ्नो वडामा दलित समुदायको बस्ती रहेको र उम्मेदवारीका लागि उनीहरूलाई उत्प्रेरित गर्नुपर्ने विषय सबै राजनीतिक दललाई थाहा छ।' आखिर दलहरूले दलित महिलाको प्रतिनिधित्वलाई उपेक्षा गर्नुको कारण के हो त ? 'यो सीधै भोटको राजनीतिसँग सम्बन्धित छ', पासवान भन्छन्, 'कसलाई उम्मेदवार बनाउँदा समग्र भोट कति बढ्छ र पैसा कति आउँछ भन्ने विषयसँग यो जोडिन्छ।'कांग्रेस सांसद जीवन परियारले स्थानीय तह निर्वाचन सम्बन्धी विधेयक संशोधनका लागि दर्ता गराएको सूचनासंविधान सभा सदस्य तथा नेपाली कांग्रेसका नेता जीवन परियार दलित महिलाको वडामा उम्मेदवारी नपर्नुमा मुख्यतया दलहरूकै कमजोरी रहेको स्वीकार्छन् । 'निर्वाचन आयोगले उम्मेदवारी परेन भनेपछि दलित नभएर होला भन्ने बुझियो' परियार भन्छन्, 'यो अध्ययन हेरेपछि पो झसंग भइयो ।'पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा.बाबुराम भट्टराई आफूहरूले संविधान बनाउँदा दलित महिला नभेटिएको खण्डमा के गर्ने भनेर परिकल्पना नै नगरेको बताउँछन्। 'हामीलाई जसरी पनि महिला र दलित ल्याउनुपर्छ भन्ने हुटहुटी थियो' भट्टराई भन्छन्, 'दलित नभएको वडा नै छैन होला भन्ने भयो ।'

**नियत एक, कारण अनेक** शक्ति संरचनाको पिंधमा र गरिबीको रेखामुनि रहेका भूमिविहीन र सम्पत्तिविहीन दलित महिला स्वेच्छाले उम्मेदवार हुन आउँछन् भन्ने विश्वास गर्न गाह्रो हुने त्रिभुवन विश्वविद्यालयका प्राध्यापक एवं मानवशास्त्री सुरेश ढकाल बताउँछन् । उनका अनुसार भूमि र नागरिकतामा नै पहुँच नभएका दलित महिलालाई आरक्षणमा प्रोत्साहन गर्नु सट्टा केही रिक्त पद हेरेर विकल्प खोज्नु घातक हुनसक्छ । दलको उपेक्षा र उदासीनताका कारण कति ठाउँमा दलित महिला सदस्य पदमा उम्मेदवारी नपरे पनि केही वडामा भने बसाइँसराइ गरे/गराएर यो पद पूर्ति गरिएको छ ।वडामा दलित समुदायको बसोबास नभएका कारण नै वडा सदस्यको पद रिक्त रहेको कुरा पूर्ण सत्य हुनै नसक्ने ढकालको बुझाइ छ । जात व्यवस्थाको अभ्यास र विस्तार सँगै खस-आर्य र दलितको फैलावट सँगै भएको हुँदा अपवाद बाहेक हरेक वडामा दलित भेटिनुपर्ने ढकाल आकलन गर्छन् । उनी भन्छन्, 'जात व्यवस्था टिक्न बाहुन-क्षेत्रीले दलितको श्रम र सीप प्रयोग गर्ने क्रममा जहाँजहाँ खस-आर्य छन्, त्यहाँ दलित पनि पुगेको/पुर्याइएको छ ।'

तथ्यांक कार्यालय र निर्वाचन आयोगको समन्वयमा यसमा थप खोजबिन गर्न सकिने ढकालको सुझाव छ । दलित महिला सदस्य पदमा उम्मेदवारी नपर्नुमा दलहरूको व्यवहार, दलित महिलालाई माथिल्लो पदमा जान नदिने पुरुषवादी चिन्तन जस्ता कारण ले पनि उनीहरू उम्मेदवार बन्न अनिच्छुक देखिएको पनि भेटिएको छ । स्थानीय तहको अघिल्लो निर्वाचनमा कैलालीको भजनी-६ बाट निर्विरोध निर्वाचित दलित महिला सदस्य कमला ज्ञवाली श्रीपालीको अनुभव यस्तै छ। 'यसपटक मैले उपमेयरमा दाबी गरेकी थिएँ तर , गठबन्धनले अर्कैलाई उठाइदियो' श्रीपाली भन्छिन्, 'दलित महिला सदस्यको खासै भूमिका नहुने रहेछ, मलाई दोहोर्याएर उठ्न चाख लागेन ।' कानुनकी विद्यार्थी समेत रहेकी कमला आगामी निर्वाचनमा कार्यकारी भूमिकाका लागि नै प्रतिस्पर्धा गर्ने सोचमा छिन् । उक्त वडामा अरू केही घर दलितका भए पनि राजनीतिक चेत र साक्षरता नभएका कारण दलित महिला सदस्य पद खाली रहेको कमलाको भनाइ छ । उनी भन्छिन्, 'यहाँ केही घर दलित त छन् तर, राजनीति बुझ्दैनौं भनेर उहाँहरू उठ्न मान्नुभएन ।'

**आरक्षणका लागि बसाइँसराइ** दलको उपेक्षा र उदासीनताका कारण कति ठाउँमा दलित महिला सदस्य पदमा उम्मेदवारी नपरे पनि केही वडामा भने बसाइँसराइ गरे/गराएर यो पद पूर्ति गरिएको छ । २०७४ को चुनावमा हेलम्बु गाउँपालिका-५ मा दलित महिला सदस्य पद रिक्त भएपछि यसपालि ४६ वर्षीया सन्तमाया सुनार बसाइँसराइ गरेर यहाँ आइन् । नेपाली कांग्रेसबाट उम्मेदवारी दिएकी उनी निर्विरोध निर्वाचित भएकी छन् । 'म पहिले वडा नं ४ को सदस्य थिएँ' सुनार भन्छिन्, 'वडा नं ५ मा कोही पनि दलित महिला सदस्य छैन भन्ने थाहा पाएपछि यता थोरै जग्गा किनेर बसाइँसराइ लिएँ, मतदाता नामावलीमा अपडेट गराएँ र निर्विरोध निर्वाचित भएँ ।'जुम्लाको कनकासुन्दरी गाउँपालिका-७ मा नेकपा (एमाले) बाट निर्विरोध निर्वाचित पदमकन्या कामी (४५) पनि बसाइँसराइ गरेर आएकी हुन् ।

यद्यपि, अहिले पनि उनको बसोबास वडा नं ८ मै छ। 'वडा नं ७ मा कोही उम्मेदवार नै छैन भन्ने थाहा पाएर जग्गा लिएँ । निर्विरोध निर्वाचित भएपछि अहिले कार्यपालिका सदस्य पनि छु', पदमकन्या भन्छिन् ।जुम्लाको गुठीचौर गाउँपालिका-२ मा एकीकृत समाजवादीबाट निर्वाचित दलित महिला सदस्य गोइलु कामी (३५) पनि वडा नं ३ की बासिन्दा थिइन् । उनलाई दलले वडा नं २ मा जग्गा दिलाएपछि बसाइँसराइ गरेर निर्वाचित भएकी हुन् ।

राजनीतिक दलको मात्रै नभएर व्यक्तिको पहलमा पनि बसाइँसराइ गरेर रिक्त दलित महिला सदस्य पद पूर्ति गरिएको भेटिएको छ । जुम्लाको पातारासी गाउँपालिका-७ का भेडा व्यवसायी नरबहादुर थापाले सित्तैंमा जग्गा दिएपछि आफू वडा नं ३ बाट बसाइँसराइ गरेर निर्वाचित हुन पाएको ३५ वर्षीया दलित महिला सदस्य लालसरी सुनार बताउँछिन् । 'आरक्षणलाई अवसरका रूपमा लिएर व्यक्ति आफैं सक्रिय भएर बसाइँसराइ गर्नु स्वागतयोग्य हो। चितवनका प्रचण्ड गोरखा गएर उठेजस्तै' अनुसन्धनकर्ता जेबी विश्वकर्मा भन्छन्, 'रिक्त दलित महिला सदस्यको संख्या घटाउने यो पनि एक विधि हुनसक्छ ।'यद्यपि स्थानीय तहमा निर्वाचित हुनकै लागि गरिने बसाइँसराइ कत्तिको प्रभावकारी हुन्छ भन्नेमा संशय व्यक्त गर्छन् मानवशास्त्री ढकाल । अवसरका लागि बसाइँसराइ गर्नु अस्वाभाविक नभए पनि घर समुदायको सामाजिक-सांस्कृतिक पर्यावरण छोडेर/छोडाएर गरिने आरक्षणमुखी बसाइँसराइको सम्भावित असरलाई भने बेवास्ता गर्न नहुने ढकाल बताउँछन् ।

**आरक्षण :अवसर कि अपहेलना** राष्ट्रिय दलित आयोगको परिभाषा अनुसार परम्परागत धार्मिक अन्धविश्वासका आधारमा पानी नचल्ने र अछूत भनी आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा सांस्कृतिक रूपमा राज्यको मूल प्रवाहबाट वञ्चित भएको उत्पीडित समुदायलाई दलित मानिन्छ, जसको श्रम, सीप र कलाका माध्यमबाट राज्य निर्माणमा योगदान पुगेको छ। तर, आयोगको सूचीमा हिमाली भेगको एउटा पनि थर दलित समुदायमा सूचीकृत छैन ।

राज्यसत्ताको केन्द्रीकृत मानसिकताका कारण हिमाली भेगका दलित अझै पहिचानको दायरामा आउन नसकेको मानवशास्त्री टासी टेवा डोल्पो बताउँछन् । 'हिमालमा न त कोही दलित अधिकारकर्मी पुगेका छन्, न संघ-संस्था, न त कुनै अध्ययन अनुसन्धान नै भएको छ' टेवा भन्छन्, 'हिमालमा छुवाछूत, विभेद भोग्ने समुदायलाई चोख्याउन पानी छर्कने, आपसमा विवाह नचल्ने, दण्डित गर्ने, घरभित्र सहर्ष नस्वीकार्नेदेखि मृत्युसंस्कारमा समेत विभेद छ ।'पूर्वमा ताप्लेजुङदेखि पश्चिममा बाजुरासम्म हिमाली समुदायमा दलितहरू भेटिने डोल्पो बताउँछन् । भूगोल र समुदाय विशेषका कारण उनीहरूको परिचय भने ठाउँ अनुसार फरक हुन पुगेको उनको भनाइ छ । उनी भन्छन्, 'मनाङको

**बाँकी तेस्रो पृष्ठमा........**

# उल्टो बाटोमा दल र निर्वाचन आयोग.................

नेसाङ समुदायमा खोत्रोग, मुस्ताङमा मेन्डिग, कुन्साङको घ्यूपा, छुरा ढोक्पा, डोल्पो समुदायमा गारा-बेरा, हुम्ली समुदायमा मान्द्रे खाम्पा, बाजुराको खाम्पा समुदायमा ल्हा खाम्पा र लुहङ खाम्पाहरू दलित हुन् ।’तर यो उच्च हिमाली भेगमा पनि कथित तल्लो जातकोले हदैसम्म अत्याचार खेप्नुपर्छ ।

मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ मा २०७४ को स्थानीय चुनावमा लोवा थरकी महिलाले दलित महिला सदस्यमा उम्मेदवारी दिएकी थिइन् । तर दलित आरक्षणमा उठेर समुदायको ‘नाक काटेको’ भन्दै उनका भाइले उम्मेदवारी नै फिर्ता लिन लगाए । अपमानबोध भएकै कारण थर परिवर्तन गरिरहेका दलित परिचय दिएर चिनिन चाहँदैनन् । जसका कारण आगामी दिनमा स्थानीय तहमा दलितको प्रतिनिधित्व झन् कमजोर हुने जोखिम छ- शिवहरि ज्ञवाली, दलित अधिकार कर्मी एवं अनुसन्धानकर्तात्यसयता उक्त वडामा कसैले दलित कोटामा उम्मेदवारी दिने आँट नगरेको पूर्व वडाध्यक्ष हिम्जिङ दोर्जे विष्ट बताउँछन् । उनी भन्छन्, ‘यहाँ बस्ती त छ तर दलित भनेर हेपिएको महसुस भएपछि यहाँका विश्वकर्माले लोवा लेखेर थर परिवर्तन गरेका छन् ।’

पहिचानको दायरामा नै नआएका हिमाली भेगका दलितलाई राज्यले थप सामाजिक तथा राजनीतिक मूलधारमा ल्याउने पहल गर्नुपर्ने डोल्पो बताउँछन् । आरक्षण कटौतीको बहस भइरहँदा हिमाली भेगका दलित भने आफ्नो उत्पीडनको अवस्था बारे नै सचेत हुन नपाएको जिकिर गर्छन्, उनी । यस्तो परिवेशमा उनीहरूको पहिचान र प्रतिनिधित्वको बहस कसले गर्ने ? उनी प्रश्न गर्छन् । आरक्षणलाई हेर्ने दृष्टिकोण दलित समुदायभित्रै पनि फरक-फरक छ । कसैले यसलाई अवसरका रूपमा लिएका छन् भने कसैले यसलाई अपहेलनाको रूपमा । यो थाहा पाउन दूरदराज गइराख्नुपर्दैन, काठमाडौं, भक्तपुर र ललितपुरका शहरी क्षेत्रलाई नियाल्दा हुन्छ । गएको स्थानीय चुनावमा काठमाडौं महानगरपालिकाको कुनै वडाबाट ३२ वर्षीया देवी पुजारीले ( परिवर्तित नाम) नेकपा एमालेबाट दलित महिला सदस्यका लागि उम्मेदवारी दिइन् ।

अन्य उम्मेदवारसँगै उनी पनि भोट माग्न निस्किन् । तर, भोट माग्ने क्रममा एकजना वृद्धले उनलाई भने, ‘लाज लाग्दैन, दलितमा उठ्नलाई ? दलित भनेर सबैले थाहा पायो अब, सबैले हेप्छ । तिमीलाई कसले बिहे गर्छ ?’देवीलाई केही स्थानीय पोडे समुदायले कालोमोसो दल्ने प्रयास समेत गरे । देवीका लागि यो नयाँ अनुभव थिएन । २०७४ सालको चुनावमा उनी सोही पदका लागि उठ्दा पोडे समुदायका स्थानीयले यसरी नै गाली गरेका कारण उनले अन्तिम समयमा उम्मेदवारी फिर्ता लिएकी थिइन् । उनी भन्छिन्, ‘इतिहासमा दबाएर शोषित गरिएकाले यो आरक्षण हाम्रै लागि हो भनेर बुझाउन सकिएको छैन ।’ गएको २०७४ को स्थानीय चुनावमा भक्तपुर नगरपालिका-७ मा नेपाल मजदुर किसान पार्टीबाट रिजु कपालीले दलित महिला सदस्यमा उम्मेदवारी दिइन् । निर्वाचन आयोगले उनको उम्मेदवारी स्वीकार गर्यो । उनी निर्विरोध निर्वाचित पनि भइन् । तर, निर्वाचित भएसँगै एकाएक कपाली समुदाय र घरपरिवारले (श्रीमान् बाहेक) उनलाई बहिष्कार गर्नुका साथै पद छोड्न दबाब दिन थाले । त्यसयता उनी सासू-ससुरासँग छुट्टिएर बसेकी छन् । यसपटक उक्त वडामा दलित महिला सदस्य पद खाली छ । कपाली समुदाय आफू नेवार समुदायको निम्न वर्गमा परे पनि दलित नभएको दाबी गर्छन् । २०५८ सालमा आन्दोलन गरेपछि कपाली थर दलितको सूचीबाट हटेको हो । त्यस्तै, देउला समुदायले पनि हालै आफूहरूलाई दलितको सूचीबाट हटाउन माग गरेका छन् । देउला समुदायभित्र दुइटा खेमा देखिएको छ । एकथरी आफूलाई दलित मान्न तयार छन् भने अर्कोथरीले आफूहरूलाई दलितको सूचीबाट हटाइयोस् भन्दै दलित आयोगमा निवेदन नै दिएका छन् । हाल उक्त मुद्दा विचाराधीन भएको दलित आयोगले जनाएको छ । ‘नेवार समुदायमा जात व्यवस्था वास्तवमै कठोर छ’ इतिहास विभागका रिटायर्ड प्राध्यापक डा. त्रिरत्न मानन्धर भन्छन्, ‘नेवारका दलित समुदायले दलित आरक्षणलाई आफ्नो पहिचान, प्रतिनिधित्व र अस्तित्वको रूपमा भन्दा पनि अपमानको रूपमा लिएको देखिन्छ ।’दलित अधिकारकर्मी एवं अनुसन्धानकर्ता शिवहरि ज्ञवाली भन्छन्, ‘अपमानबोध भएकै कारण थर परिवर्तन गरिरहेका दलित परिचय दिएर चिनिन चाहँदैनन् । जसका कारण आगामी दिनमा स्थानीय तहमा दलितको प्रतिनिधित्व झन् कमजोर हुने जोखिम छ ।’

**विकल्प के त ?**

निर्वाचन आयोगले दलित नभएको वडा घोषणा गरेर मात्रै रिक्त दलित महिला सदस्य पदको विकल्पको खोजी गर्नुपर्ने दलित अधिकारकर्मी बताउँछन् । दलित नभएर नउठेका हुन् या हुँदाहुँदै पनि पहिचान गर्न नसकिएको हो भन्ने सवालमा निर्वाचन आयोग र दलित आयोग दुवैलाई जवाफदेही बनाउनुपर्ने ज्ञवाली बताउँछन् ।

चुनावमा निर्वाचन अधिकृतलाई खटाउनुभन्दा पहिले नै हरेक पालिका र वडामा आयोगले मतदाता नामावलीको सूची सहित दलित भए/नभएको निक्र्योल गर्ने र उम्मेदवारी लिंदा दलित महिला विना उम्मेदवारी नै स्वीकृत नगर्ने परिपाटी विकास गर्ने हो भने दलित महिला उम्मेदवारीका लागि प्रोत्साहित हुने पासवान बताउँछन् । उनी भन्छन्, ‘दलित आरक्षणको विकल्प दलित आरक्षण मात्रै हो । अरू हुन सक्दैन ।’जे.बी. विश्वकर्माले गरेको अध्ययन अनुसार दलित महिला सदस्यको आरक्षण भएकै कारण २०७९ को स्थानीय चुनावमा दलित समुदायबाट २१.९९ प्रतिशत प्रतिनिधित्व सम्भव भएको हो, जुन दलितको जनसंख्या प्रतिशत भन्दा ८ प्रतिशतले बढी हो ।

तथापि २०७४ को स्थानीय चुनावमा भन्दा यसपटकको स्थानीय चुनावमा कार्यकारी पदमा दलितको संख्या घटेको छ । २०७४ को चुनावमा दलित समुदायबाट ६ मेयर र ११ उपमेयर भएका थिए भने यसपटक ३ मेयर र ११ उपमेयर मात्रै निर्वाचित भए । वडाध्यक्षमा भने यस वर्ष १ बाट ५ पुगे पनि उपाध्यक्षमा भने १७ बाट ६ मा झरेको छ । राजनीतिक दलका केन्द्रीय समितिको संरचना नै असमावेशी र अप्रजातान्त्रिक भएका कारण पनि निर्वाचन समावेशी हुन नसकेको उक्त अध्ययनले जनाएको छ । राजनीतिशास्त्री कृष्ण हाछेथु दलित महिला सदस्य पदमा कुनै कार्यकारी भूमिका नहुने भएका कारण पनि दलित महिलाहरू यसमा आकर्षित हुन नसकेको बताउँछन् । ‘ऐतिहासिक रूपमा थिचोमिचो सहन बाध्य भएका र सामाजिक, आर्थिक तथा प्रशासनिक शक्ति नभएका पिंधमा रहेका समुदायलाई लक्षित गरेर संसार भर आरक्षणको व्यवस्था गरिन्छ’ उनी भन्छन्, ‘तर त्यो आरक्षण कस्मेटिक नभएर उसको क्षमता, शक्ति र भूमिका अभिवृद्धि गर्ने खालको हुनुपर्छ ।’सैद्धान्तिक दृष्टिकोणले हेर्दा आरक्षण मुक्तिको एजेन्डा नभए पनि सुधारको एजेन्डा भएको जेबी जिकिर गर्छन् ।

आरक्षण खेलको निर्णायक गोलकर्ता नभए पनि खेलको नियम के बन्छ, कसले बनाउँछ, खेल कस्ता हुन्छन् भनेर कमसेकम बुझ्न सक्ने एउटा अवसर सावित भएको उनी बताउँछन् । उनी भन्छन्, ‘मैदान बाहिर बसेर हेर्दा धेरै कुरा देखिंदैन । खेलको बारेमा कम्तीमा सचेत भइरहेका छन् दलित महिला । कम्तीमा एकपटक वडाध्यक्ष बन्छु भन्ने हुटहुटी पनि देखिन्छ । हिजो मैले छोएको पानी चल्दैनथ्यो, आज मैले हस्ताक्षर गरेको कागज चल्छ भन्ने विश्वास र हुटहुटीको बीउ रोपिएको छ ।’त्यसैले पनि दलित महिला सदस्य कोटा कुनै नाममा पनि गुम्न दिनुहुन्न भन्ने दलित महिला अधिकारकर्मीको पनि भनाइ छ । यसमध्येकी एकजना अगुवा दलित महिला संघकी संस्थापक दुर्गा सोव भन्छिन्, ‘दलितको उम्मेदवारी नपर्नुलाई ‘दलित नहुनु’ भन्ने व्याख्या गरेर दलित महिलालाई कानुनले दिएको अवसरबाट वञ्चित गराउने प्रयास भइरहेको छ । अहिले निर्वाचन आयोगले पेश गरेको मस्यौदा कुनै हालतमा पनि ऐन बन्नुहुँदैन ।’

(खोज पत्रकारिता केन्द्रका लागि)

# प्रेम, जो...................................

विद्यार्थी छैनन् । जो छन् ती केवल धनाढ्य परिवारका छन्, जसमध्ये धेरैजसो आफूमाझ र आफ्नै घरमा पनि शायद नेपालीभन्दा अंग्रेजी बोल्न सहज मान्छन् । विश्वविद्यालयमा भ्रष्ट सत्ता राजनीतिको अतिक्रमणका केही विकृत सङ्केतहरू छन् । जब सरकार फेरिन्छ, प्रायःजसो प्राध्यापकहरू लाभदायक अवसर ताक्दै, घुटुक्क थुक निल्दै, सत्तातिर मुन्टा उठाउँछन् । विभागीय प्रमुख झा सर राजदूत पद ताक्छन् । राजावादी मैनाली म्याडम पनि कतै केही पाइएला कि भनी सत्तातिर यसोक्क मुन्टो उठाउँछिन् । आफ्नै सहकर्मीहरूमाझ निम्नकोटिका कवि भनी परोक्ष रूपले गिज्याइने प्रह्लाद सर प्रज्ञा प्रतिष्ठानतिर घिच्रो तन्काउँछन् । अनि जसले पीएचडी डाक्टरी गर्न पाएका छैनन् तिनले अमेरिका ताक्छन् ।

खासमा प्राज्ञिक कर्मप्रति निष्ठावान् भई विश्वविद्यालय ताक्नेचाहिं अपवाद बाहेक कोही छैन । करारमा मास्टर भर्ती गर्ने भ्रष्ट चलनले विश्वविद्यालयमा नातावाद र कृपावाद, चाकरी र पाउलागीको त्यान्द्रो समातेर भित्रिएका अयोग्य सरहरूका कारण विश्वविद्यालयको वातावरण, पठनपाठन र स्तर बर्बाद छ । विश्वविद्यालयप्रति एकाधजन जो निष्ठावान् छन्, तिनैको भनाइ हो यो । मधेशवासी विद्यार्थी मोहनका मुखबाट संविधानप्रति मधेशीजनको असन्तुष्टिको आक्रोश पोखिन्छ । अस्तित्वका अमेरिकावासी ‘प्रदीप दाइ’का मुखबाट प्रवासमा नेपाली मनको पीडा बोल्छ । पहिचानको सङ्कटको पीडा, सांस्कृतिक अलगावको पीडा । मानिसहरूको भीडमाझ आफू वरिपरि आफू बाहेक कोही नहुनुको पीडा । ‘प्रदीप दाइ’ले रैथाने नारी एलेक्ससँग बिहे गरेका छन् । तिनको एउटा सन्तान पनि भएको छ । ‘प्रदीप दाइ’ भन्छन्- सन्तानले पाटपुट नेपाली बोलुन्जेल नेपालको न्यास्रो किञ्चित् कम हुनसक्छ । जब अस्तित्वको संघर्षमा नेपाली भाषा छाडेर ऊ आङ्ल भाषाको प्रवाहमा बिलाउँछ तब आफू विरानो दूर देशको एकल, फगत एकल, दुःखी मानव भइन्छ ।

‘अडिएका पाइला’मा चर्चा गरिएका यी पात्रहरू सबै सामान्य लौकिक वा सांसारिक मानव हुन् । तर अस्तित्व र अनसूया लौकिक वा सांसारिक मानव होइनन् । ती उपन्यासकार विष्णु सापकोटाको उदेकको चिन्तन र तर्क प्रणालीका सन्तति हुन् । र ती हुन् लौकिकता इतरका विल्कुल अस्वाभाविक, अयथार्थ र असामान्य मानव । ‘अडिएका पाइला’मा सापकोटीय चिन्तन र तर्कको पारा विचित्रको छ । मानिस के हो ? मानिस बाहिर प्रकट हुने कति हो, भित्र अप्रकट रहने कति हो ? कुनै संवाद, घटना, दृश्य, पात्र, सन्दर्भ, धारणा वा सम्बन्धबारे मानिस जिब्राले बाहिर जे भन्छ, त्यो कति उसको आफ्नो हो, कति हजारौं वर्षको सभ्यताद्वारा निर्मित संस्कृति र संस्कार बाट आएको हो ? बाहिर देखिने र भित्र हुने मानिस कति उही हो, कति बेग्लै हो ? मानिस जब केहीप्रति केही प्रतिक्रिया गर्छ, त्यस बखत उसभित्रका हर्मोन र सेलहरूले कसरी काम गरिरहेका हुन्छन् ? म बाहिर आफूलाई मनपर्ने छवि देखाउन भित्रको आफूलाई कति ढाँटिरहेको हुन्छु ? प्रेम के हो ? यो मानिसभित्र रहेको जैविक र मौलिक तत्व हो कि संस्कृति र संस्कारको प्रवाह हुँदै हामीमा भित्रिएको वा थोपरिएको बासी भावना हो ? बस्, यो हो उपन्यासभरि व्याप्त रहेको सापकोटीय चिन्तन र तर्कको पारा । घरीघरी, अनेक प्रसङ्गमा औधी उच्चाटलाग्दो गरी यो चिन्तन र तर्क दोहोरिन्छ । अनि घरीघरी, अनेक प्रसङ्गमा म पढिसकेको कुरो फेरि दोहोर्‍याउँदै पो छु कि भनेर पाठक अडिई-अडिई पाता पल्टाएर हेर्न विवश हुन्छ । चिन्तन र तर्कको यो सापकोटीय पारा उपन्यासका नायक-नायिका अस्तित्व र अनसूयाको सम्बन्धका माध्यमले प्रकट भएको छ । कुनै सन्दर्भमा ती बाहिर जे सोचिरहेका हुन्छन्, तीभित्र भावनाको अर्कै तरङ्ग समानान्तर रूपमा कुदिरहेको हुन्छ ।सापकोटीय कथन अनुसार कहिलेकाहीं त भित्र पत्रमाथि पत्र खप्टिएर भावनाका अनेकोली तरङ्गहरूका समानान्तर जञ्जाल कुदिरहेका हुन्छन् । त्यसैले सापकोटाद्वारा कल्पित मूल पात्र-पात्राहरू उत्निखेरै प्रसन्न हुन्छन्, उत्निखेरै खिन्न हुन्छन् । ती उत्निखेरै उमङ्गित हुन्छन्, उत्निखेरै हतास हुन्छन् । ती उत्निखेरै खुशी हुन्छन्, उत्निखेरै झडङ्ग रिसाउँछन् । यी हुन् पात्र-पात्राहरूका माध्यमले प्रकट भएका सापकोटीय चिन्तनका केही झलकहरू ।

जानिएको मनोविज्ञानका आधारमा तिनको हर्ष र बिस्मात्, उमङ्ग र हतासा, अनुराग र क्रोधको पूर्वानुमान गर्न सकिंदैन । यी संवेगहरू क्षण-क्षणमा किन विपरीत तत्वमा फेरिन्छन् त्यो अनुभवकर्ता स्वयंलाई नै थाहा हुँदैन । त्यसैले त अस्तित्वसँग बोलचाल किन बन्द भएको हो ? अनसूयालाई थाहा छैन । अनुसूयाले बोलचाल बन्द गरी आफूलाई पूर्णरूपले उपेक्षा गर्दा पनि अस्तित्व किन उनकै सम्झनाका तड्पिरहेका हुन् ? उनैलाई थाहा छैन । वन्दनाप्रति अस्तित्वको भावनात्मक अनुराग प्रगाढ छ । र अस्तित्वप्रति भावनाको भावनात्मक अनुराग झनै प्रगाढ छ । अनुसूयाबाट पूर्ण रूपले तिरस्कृत भएपछि अस्तित्वको चित्त अनसूयालाई बिर्सेर वन्दनातिर किन मोडिंदैन ? अस्तित्वलाई नै थाहा छैन ?तरुण वयमा गाँसिने विपरीत लिङ्गीबीचको रुमानी प्रेम स्वभावतः यौनतर्फ आकृष्ट हुन्छ । तर अस्तित्व-अनसूयाको प्रेममा यो आकर्षण शून्यप्रायः छ ।

उपन्यासमा केवल एक ठाउँमा एक प्रसङ्गमा अस्तित्व अनुसूयासँग यस्तो केही भएको भए तिनको मौन व्रतबाट यसरी पीडित हुनुपर्दैनथ्यो कि भनी छिसिक्क कल्पना गर्छन् । त्यो कल्पना पानीको फोको झैं त्यहीं उठ्छ र त्यहीं फुट्छ । सापकोटीय दृष्टिमा प्रेम प्लाटोनिक अर्थात् यौन इतरको घनिष्टता मात्र पो हो कि !अनसूयाद्वारा उपेक्षित प्रेममा रातो-दिन तड्पिंदै पीएचडी सिध्याएर अस्तित्व फर्किन्छन् । उनका चित्तमा क्षण-क्षणमा अनसूयाको सम्झना छ, न्यास्रो छ, सन्ताप छ, औडाहा छ ।

यता अनसूयाले मेडिसिनको डिग्री प्राप्त गरी डब्लुएचओमा जागिर पाएकी छन् । तर अनसूयाको मनोदशा भने ठिक छैन । वन्दना मणि सरसँग थेसिस कर्ममा सहयोग माग्न आउँदा अनसूया र उनको भेट र मित्रता हुन्छ । वन्दनामा सहयोगको भावना प्रचूर छ । एक दिन वन्दनासँग जाभा क्याफेमा भेट हुँदा अनसूयाको दिमाग एकाएक रन्थनिन्छ । उनलाई ऐंठन होला जस्तो हुन्छ । उनी आफू मनोरोगग्रस्त भई मनोचिकित्सककहाँ धाउन थालेको रहस्य खोल्छिन् ।

र वन्दनाको सहारा लिएर उनी नर्भिक अस्पताल पुग्छिन् । उता भर्खर स्वदेश फर्केका अस्तित्वको हाल पनि बेहाल हुन्छ । उनी अनिद्राग्रस्त हुन्छन् । विछोडको पीडाले ऐंठन होला जस्तो लागेर मनोचिकित्सकको शरण पर्न उनी पनि नर्भिक अस्पताल पुग्छन् । अस्तित्व पालो कुरिबस्दा अनसूया भित्रबाट बाहिर निस्केर जान्छिन् । न अनसूया अस्तित्वलाई देख्छिन्, न अस्तित्व अनसूयालाई देख्छन् । यसरी प्रेमबाट शुरु भई मनोरोगमा पुगेर उपन्यास टुङ्गिन्छ । अस्तित्वमा आत्मपीडक चरित्रको लक्षण छ । अनसूयामा आत्मपीडक र परपीडक दुवै चरित्रको लक्षण छ । के उपन्यासका प्रेमी-प्रेमिकाको यो आत्मपीडक र परपीडक चरित्रको मूलमा सापकोटीय चिन्तन र तर्कको प्रभाव पो छ कि ?उपन्यासको भाषा-शैली खास्सा राम्रो छ ।

उपन्यासकारसँग अति सूक्ष्म मानवीय संवेदनालाई कलात्मक काइदाले उन्ने र बुन्ने लचिलो र लयात्मक भाषा छ । मेरो सानो विचारमा असल आख्यानकार बन्न खोज्ने लेखकले सिक्न खोजे घाटा नपर्ने भाषा-शैली हो यो । र अन्त्यमा, कसैले मलाई सोध्ला- यो उपन्यास किन पढ्ने अथवा यो किन नपढ्ने ? मेरो जवाफ- विचित्रको सापकोटीय चिन्तन र तर्कको बान्की बुझ्न यो पढ्ने । ‘अडिएका पाइला’का मूल प्रेमी-प्रेमिका अस्वाभाविक, अयथार्थ र असामान्य किन छन्, सापकोटीय चिन्तन र तर्कभित्र उत्तर खोज्न यो पढ्ने । उपन्यासमा प्रस्तुत चिन्तन र तर्कको पारा प्रचलित चिन्तन र तर्कद्वारा किन बुझिंदैन, त्यो बुझ्न यो पढ्ने । उपन्यासका मूल पात्र-पात्रा कसरी सापकोटीय चिन्तन र तर्कको जालोमा जेलिएर मनोरोगी हुन पुग्छन्, त्यो बुझ्न यो पढ्ने ।अथवा यी यावत् जटिल कुरा जानेर के नै पो नापिन्छ भन्ने लागे यो नपढ्ने । ( साहित्य सिर्जनादेखि राजनीतिक स्तम्भसम्म सधैं चर्चामा रहने खगेन्द्र संग्रौलाका लेखन, अनुवाद गरी तीन दर्जनभन्दा बढी कृति प्रकाशित छन् ।)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# प्रेम, जो बुझिएन

**खुद्रामसिना** बिमारले गर्दा केही समययता मेरो पठन सुस्त भएको छ। पढेको पछिल्लो उपन्यास प्रवीण अधिकारीले अनुवाद गरेको दक्षिण कोरियाली लेखक हान काङको 'भेजिटेरिएन' हो । त्यसपछि हात लाग्यो विष्णु सापकोटाको यो 'अडिएका पाइला'। विष्णु मेरा लागि भला मानुष हुन्, माइडियर टाइपका। अखबार र अनलाइनहरूमा भेटिने उनका दार्शनिक र राजनीतिक विश्लेषण तथा टिप्पणीहरूको उत्साही पाठक हुँ म । निम्ता आयो र म 'अडिएका पाइला'को विमोचनमा गएँ । अनि पुस्तक किनेर विष्णुको बाहुली निसानी लिएँ ।

अचेल म बेलुका ९ बजेसम्म यसो समाचार र गीत-गजल सुन्छु। त्यसपछि किताब पढ्छु । यो पढाइको आफ्नै व्यथा छ । एकाध महिनाअघि भाइरल ज्वरोले मलाई थला पाऱ्यो । र मेरो निद्रा नराम्ररी खल्बलियो । छरिएको चित्तलाई एकाग्र तुल्याएर निद्रालाई फकाउन सुत्नुअघि म किताब पढ्छु। यही मेसोमा मैले 'अडिएका पाइला' पढ्न थालें । यसमा एकतमासको प्रेम रहेछ । हामीले पढेको प्रेम र गरेको प्रेमभन्दा एकदम बेग्लै । अस्वाभाविक, अयथार्थ र असामान्य प्रेम । हो त्यही प्रेमबाट मेरो पठन कछुवा गतिमा अघि बढ्यो । उपन्यासमा दुई पट्टापट्टी बीच प्रेम शुरू भयो । अनि प्रेमको शुरूका केही घटनामै अल्झिएर प्रेमिकाको प्रेम अड्क्यो। अनि प्रेमको थालनीकालकी प्रेमिकामा प्रेमीको प्रेम अड्क्यो । यी दुई अड्काइसँगै समयको गति अड्क्यो । प्रेमिका प्रेमीको हाई-हेलोको जवाफ दिन छाडिन् ।

प्रेमी हाई-हेलोको जवाफ नपाएर अत्यास मान्दै हाई-हेलो गऱ्यागऱ्यै भए। प्रेमिकाको यो नित्य मौनता र प्रेमीको यो नित्य हाई-हेलोले मेरो मथिङ्गल खलबल्यायो। प्रेममा एकातिर मौनताको जिद्दी छ, अर्कातिर हाई-हेलोको हत्ते छ । अनि मलाई केको निद्रा लागोस् ! आ.. भोलि त यो यत्रो पनि पढ्दिनँ भनेर छट्पटाउँदै सुत्यो। भोलि यही पढूँ-पढूँ लाग्छ। तै प्रेमिकाको मौनता तोडियो कि ? तै प्रेमीले हाई-हेलोको जवाफ पायो कि ? तै प्रेम र समयले गति लिए कि ? पढ्यो, भोलिपल्ट पनि हालत उही भो ।

उता एउटीको उही उच्चाटलाग्दो मौनता र अर्काको उही अत्यासलाग्दो हाई-हेलो । अनि यता मलाई अनिद्रामाथि अनिद्राको हुर्मत । यसरी पढ्दिनँ-पढ्दिनँ भन्दाभन्दै ५-६ दिनमा मैले 'अडिएका पाइला' पढिसकें । 'अडिएका पाइला'को मूल परिवेश वा थलो कीर्तिपुर विश्वविद्यालयको अंग्रेजी विभाग हो। विश्वविद्यालयका मणि सर विश्वविद्यालयका एक ज्ञानसम्पन्न र सम्मानित प्राध्यापक हुन्। घर हो उनको कालिकास्थान। मन्दिरा उनकी पत्नी हुन्, अनसूया छोरी। यो अनसूयाले एसएलसी दिने वर्ष हो । एमएका पोखरेली विद्यार्थी अस्तित्व मणि सरको मार्गदर्शनमा थेसिस लेख्दैछन् । यही थेसिसको पछि लागेर मणि सरकहाँ जाँदा अस्तित्व र अनसूयाको देखादेख हुन्छ। पहिले देखादेखमै ती एकअर्काका मनमा प्रवेश गर्छन् । र तिनका अन्तरमा प्रेम टुसाउन थाल्छ। एक दिन अस्तित्व आउँदा घरमा अनसूया एक्लै हुन्छिन् । र तिनको बातचित हुन्छ । अनि प्रेमले जरा हाल्छ । प्रेमको रुमानी मूडमा अस्तित्व र अनसूया हात समातेर शिवपुरीको उकालो चढ्छन्। अनि उही रुमानी मूडमा दक्षिणकाली वनमाथि घुमफिर गर्छन् । ती एकअर्कालाई प्रेमिल हातले स्पर्श गर्छन्। रुमानी मूडमा अङ्गमाल गर्छन्। यस्तो लाग्छ मानौं प्रेमको रुमानी लयमा ती एकको हंस अर्कोमा सञ्चार हुन्छ। ती सशरीर एकाकार त हुँदैनन्, तर तिनका आत्मा भने एकाकार भएझैं लाग्छ ।

प्रेमबाट शुरु भई मनोरोगमा पुगेर उपन्यास टुङ्गिन्छ । अस्तित्वमा आत्मपीडक चरित्रको लक्षण छ । अनसूयामा आत्मपीडक र परपीडक दुवै चरित्रको लक्षण छअस्तित्वले कर गरेर अनसूयाले एक दिन आमाबासँग आफ्नो प्रेमको सङ्केत दिंदै भनिन्- हामी साथी हौं है। त्यो सुनेर आमाबा, मणि-मन्दिरा, न प्रसन्न भए न खिन्न । तिनले त्यो प्रेम ओके छ पनि भनेनन्, न-न पनि भनेनन्। लामो, उच्चाटलाग्दो सन्नाटापछि गाह्रो मान्दै मणि सर ले- तिमी आफैं जिम्मेवार छ्यौ, यसमा हामी के भनूँ टाइपको केही भने । अस्तित्वको अमेरिकामा पीएचडी गर्ने रहर थियो। त्यो रहर अनसूयालाई सुनाएर उनले तिनको सम्मति लिएका थिए । यहाँसम्म सबै कुरा ठिकठाक थियो। एकाध वर्षपछि प्रेमको अर्को अध्याय शुरु भयो, निसासलाग्दो अध्याय ।

एउटीको एकोहोरो जिद्दीमय मौनताको अध्याय र अर्काको एकोहोरो हाई-हेलोको हत्तेहालाइको अध्याय । अनसूया एकाएक अस्तित्वसँग बोल्न छाडिन्। उनले न अस्तित्वको म्यासेजको जवाफ दिइन् न फोन उठाइन् । उनी प्रेमका शुरुका घटनासँगको प्रेममा लट्टिएर त्यसैमा हराइन्, त्यसैमा विलाइन्। उनले अस्तित्वको हाई-हेलोको जवाफ किन नदिएको हो उनलाई थाहा भएन। अनसूयाले आफूलाई जवाफ किन नदिएकी हुन् अस्तित्वलाई थाहा भएन । यो यतै थाहा नहुनु र उतै थाहा नहुनुको अत्यासलाग्दो नाटकीयताले अनसूया र अस्तित्व दुवैलाई रन्थन्यायो । र तिनको प्रेम आफैंले रचेको यातनाको सन्तापकारी मुहान बन्यो ।

अस्तित्वले अमेरिकाको सिकागोस्थित युनिभर्सिटी अफ नोट्रेडाममा पीएचडी गर्ने मौका पाए। जानुअघि जसरी हुन्छ एक पटक अनसूयालाई किन नभेटौं, घायल अस्तित्वको मनमा अदम्य इच्छा जागेर आयो। तर भेट्ने कसरी ? अनसूयाले जवाफ दिए पो ! आखिरमा अस्तित्व खुला खाममा चिट्ठी बोकेर अनसूयाको घरमा पुगे। अनसूयालाई भेटे कुरा गरुँला, नभेटे चिट्ठी छाडूँला भनेर । घरमा आमा मन्दिरा भेटिइन्। उनकै हातमा चिट्ठी छाडेर सुस्केरा हाल्दै अस्तित्व फर्के। मन्दिरा र मणिले चिट्ठीबाट अस्तित्वसँग अनसूयाको बोलचाल बन्द भएको थाहा पाए। र छोरीलाई सोधे- किन ? के भयो ? अनसूयाले 'लिभ मि एलोन' टाइपको मूडमा झर्को मान्दै बा मणिसँग झगडा गरिन्। अनि आमाबासँग पनि उनको दूरी र मौनता बढ्दै गयो । किन ? जानिने र बुझिने कारण केही थिएन। टिचिङमा एमबीबीएस पढ्दै गरेकी अनसूया लाजिम्पाटमा डेरा सरिन्। किन ? कारण केही थिएन। पढ्नलाई घरैमा अनुकूल वातावरण थियो । आमाबाको अपार माया थियो, व्यवधान केहीको थिएन ।

तैपनि लाजिम्पाट किन ?अनसूयाबाट चिट्ठीको जवाफ आउला भन्ने अस्तित्वको कत्रो आश थियो, आएन। अनसूया एयरपोर्टमा बाईबाई भन्न आउलिन् भन्ने उनको झन् कत्रो आश थियो, आइनन्। र सुस्केरा हाल्दै अस्तित्व अमेरिका उडे। 'अडिएका पाइला'मा अस्तित्वको वैकल्पिक प्रेम पनि छ, वन्दनासँग। वन्दना विश्वविद्यालयमा अस्तित्वकी मेधावी विद्यार्थी हुन् । सशस्त्र द्वन्द्वकालमा वन्दनाका बा जुम्लाका सिडिओ थिए। माओवादीको धावामा उनी मारिए। द्वन्द्वपीडित वन्दनाको अस्तित्व सरसँग थेसिस लेख्ने रहर छ ।

त्यसो त अस्तित्वसँग उनका समानान्तर रहर दुइटा छन्। एउटा प्रेम गर्ने, अर्को थेसिस लेख्ने रहर। वन्दना थेसिसको निहुँमा अस्तित्वलाई भेटेर उनलाई एउटा नोटबुक दिन्छिन्। प्रेमपत्र लेखिएको नोटबुक। नोटबुकमा हो कि होइनको धारमा पारेर प्रेमपत्र लेखिएको छ। अस्तित्व त्यही नोटबुकका प्रेम हो कि होइनको धारमा पारेर जवाफ दिन्छन्। दुवैलाई थाहा छ, तिनको प्रेम छ। उपन्यासको पाठक थाहा पाउँछ, तिनको प्रेम छ। तर प्वाक्क मुख फोरेर ती भन्दैनन्। कक्षामा एक विद्यार्थी छन्, सप्तरीका मोहन । मोहन र वन्दनाको रुमानी काइदाको नाता छ । उपन्यासमा त्रिकोणीय प्रेम वा त्रिकोणीय सम्बन्ध छ । अस्तित्व-अनसूया-वन्दना प्रेमको एउटा त्रिकोण वा त्रिकोणीय सम्बन्ध हो। अस्तित्व-वन्दना-मोहन प्रेमको अर्को त्रिकोण वा त्रिकोणीय सम्बन्ध हो । वन्दना अस्तित्वलाई विदा गर्न एयरपोर्ट जान्छिन् । र अर्को नोटबुकमा हरफहरूको बीचमा प्रेमलाई लुकाएर लेखिएको प्रेमपत्र अस्तित्वलाई दिन्छिन्। उपन्यासमा देश र कालको झलक दिने एकाध दृश्य पनि छन्। ती पादटिप्पणी खालका झलक हुन्। ती झलक केवल सङ्केतमा छन्, विस्तारमा छैनन् । यस्तै एउटा झलक हो विश्वविद्यालयको अंग्रेजी विभागको। हुनलाई अंग्रेजी विभागमा धनाढ्यदेखि सामान्य घरानाका विद्यार्थी पनि अवश्यै हुँदा हुन्। तर उपन्यासमा सामान्य घरानाका

**बाँकी तेस्रो पृष्ठमा........**

# खेल खबर

## मनहर्वा गोल्डकप सुरु,मुख्यमन्त्रीले गरे उद्घाटन

मनहर्वा,बारा : मनहर्वा गोल्डकपको तेस्रो संस्करण शनिबारदेखि सुरु भएको छ। जीतपुरसिमरा १८ स्थित मौवादेवी युवा क्लबको खेल मैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले गरेका हुन् ।

प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले मौवादेवी खेल मैदानको स्तरोन्नतीका लागि तत्काल ५० लाख बजेट विनियोजन गर्ने र आगामी वर्षको योजनामा समेटेर अघि बढ्ने प्रतिवद्धता जनाएका छन । मुख्यमन्त्री यादवले लागूऔषधमुक्त समाज निर्माणका लागि निजगढमा सुधार केन्द्र भवन निर्माण गरिने समेत बताएका छन् । उद्घाटन समारोहमा मधेस प्रदेशकी खेलकुद मन्त्री सुरिताकुमारी साहले प्रतियोगिताका लागि मन्त्रालयबाट चार लाख उपलब्ध गराउने बताएकी छिन् । कार्यक्रममा बारा क्षेत्र नं. ३ की प्रतिनिधिसभा सदस्य एवम् पूर्वमन्त्री ज्वालाकुमारीले प्रदेश सरकारसँग संमन्वय गरेर अघि बढ्न आफू तयार रहेको बताईन । कार्यक्रममा पूर्वसांसद रामबाबु यादव, जीतपुरसिमरा उपमहानगर पालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारी, जीतपुरसिमरा १८ का वडाध्यक्ष चर्तुरबाबु वाग्ले, वडा नं. १६ का अध्यक्ष हरिदेव खरेललगायतले मन्तब्य राखेका थिए ।



कार्यक्रमको उद्घाटनसत्र मौवादेवी युवा क्लबका अध्यक्ष निर्मलकुमार यादवको अध्यक्षतामा सम्पन्न भएको हो । माघ २० गतेसम्म आयोजना हुने प्रतियोगितामा आठ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले दुई लाख र उपविजेताले एक लाख नगद प्राप्त गर्नेछन् ।

प्रतियोगिताको उद्घाटन खेलमा आयोजक मौवादेवी युवा क्लव र नमस्ते युवा क्लव हरीवन सर्लाहीले प्रतिस्पर्धा गरिरहेका छन् ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

शीतलहर र हिमपातका जोखिमबाट सुरक्षित रहने उपायहरु

केही समय यता बढ्दो चिसो सँगै शीतलहर र हिमपातले जनजीवन प्रभावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।

शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं

कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरो दोहरो हुने व्यवस्था गरौं



बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट बचाऔं

आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं

तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धूम्रपान तथा मद्यपान नगरौं

स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाइ भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं

सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निसासिएर मृत्यु समेत हुन सक्छ

आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं

देवताल गाउँपालिकाको कार्यालय ,बारा